संकट व्यवस्थापन केन्द्र (Crisis Management Center, CMC) भक्तपुरद्वारा प्रकाशित

कोभिड-१९ सम्बन्धी भक्तपुर जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

बन्दाबन्दीको ४१ औ दिन

अंक ५

मिति २०७७ वैशाख २८ गते आइतवार

daobhaktapur.moha.gov.np

# जगातीमा स्वास्थ्य सहायता कक्षसहित चेकपोष्ट व्यवस्थित

## स्वास्थ्य अवस्था एकीन गरेर मात्र प्रवेश गर्न दिइने





### संकट अझै टरेको छैन

नेपाल सरकारले बन्दाबन्दीको अवधि जेठ ५ गतेसम्म लम्बाएको छ । चैत्र ११ गते देखि को हालसम्ममा अपनाइएको स्वास्थ्य सजगता तथा बन्दाबन्दीको पालनाले गर्दा नै भक्तपुरमा कोरोना भाइरसको संक्रमण भएको छैन । यसैले जारी आदेशको पालना गरी साथ दिनुभएकोमा सबैमा हार्दिक धन्यवाद छ ।

जिल्लामा भए गरेका गतिविधिहरु समेटेर तयार गरिने यस बुलेटिन पाँचौ अंकसम्म आइपुगेको छ । कोरोना भाइरस महामारीको रोकथाम र नियन्त्रणका गतिविधि सूचना तथा जानकारीहरु संप्रेषण गर्न यस बुलेटिनले निरन्तरता पाएको छ ।

संकटको यस अवस्थाबाट अझै उल्लेख्यरुपमा आशाका किरणहरु नदेखिएको अवस्थामा सामाजिक दूरी कायम गर्नु र स्वास्थ्य सतर्कता अपनाउँदै सरकारको आदेशको पालन गर्नु नै कोरोना भाइरसवाट वच्ने उपाय हो ।

email: daobhaktrapur@gmail.com
Viber SMS : 9840177327

जिल्ला प्रशासन कार्यालय भक्तपुरको संयोजनमा मिति २०७७ वैशाख १७ गतेदेखि साँगा र जगातीमा स्थापित चेकपोष्टलाई स्वास्थ्य सहायता कक्षसहित एकीकृत गरी थप व्यवस्थित गरिएको छ ।

नेपाली सेवा, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका सुरक्षाकर्मीहरु, रेडक्रसकर्मी तथा स्वास्थ्यकर्मीहरु यस पोष्टमा खटिएका छन् । स्वास्थ्य सहायता पोष्टले उपत्यका प्रवेश गर्ने व्यक्तिको स्वास्थ्य अवस्था एकीन गरी असामान्य देखिएकोमा संगैको आइसोलेशन कक्षमा राखी जाँच पश्चात शंकास्पद देखिएमा भक्तपुर अस्पताल पठाउने गरी आवश्यक व्यवस्था मिलाइएको छ ।

उपत्यका प्रवेश गर्ने सबै व्यक्तिहरुको विवरण यस चेकपोष्टमा राखी सो विवरण उपत्यकाका तीनवटै जिल्ला प्रशासन कार्यालयमा पठाउने व्यवस्था मिलाइएको छ । यसले गर्दा उपत्यका प्रवेश गर्ने कसैमा संक्रमण देखिएको अवस्थामा कन्ट्याक्ट ट्रेसिङ गर्न सहज हुने भएको छ ।

भक्तपुर जिल्ला भित्रने अरनीको राजमार्गस्थित साँगा भञ्ज्याङ्, जडिबुटी चोक र जगाती प्रहरी बिटमा सबै सवारी साधनहरुमा सङक्रमण नहोस भनी किटनाशक औषधी छर्कने काम निरन्तर भइ रहेको छ । सूर्यविनायक नपा र मध्यपुर थिमी नपाको संयोजनमा नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखाबाट निसंक्रमणको काम भइरहेको छ ।

नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखा, जिल्ला जनस्वास्थ्य कार्यालय, नेपाल प्रहरी, नेपाली सेनाको समन्वय र सहकार्यमा जिल्ला भित्र प्रवेश हुने यात्रुहरुसमेत तापक्रम नाप्ने र शंकास्पद व्यक्तिको परीक्षणको प्रबन्ध गर्ने कामका लागि जगाती पोष्टमासमेत स्वयंसेवकहरु परिचालन गरिएको छ ।

# गृह मन्त्रालय र सुरक्षा निकायबाट साँगा नाकामा निरीक्षण

## सवारी पासको दुरुपयोग निरुत्साहित गर्न र प्रवेशमा कडाइ गर्न निर्देशन





मिति २०७७ वैशाख २६ गते शुक्रवार गृह मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका अधिकारीहरुबाट अरनीको राजमार्ग सडक खण्डस्थित उपत्यका प्रवेश गर्ने भक्तपुरको साँगा र जगाती नाकाको निरीक्षण गर्नुभयो ।

गृह मन्त्रालयका सहप्रवक्ता उमाकान्त अधिकारी, महानगरीय प्रहरी कार्यालयका प्रमुख, डिआइजी विश्वराज पोखरेल, सशस्त्र प्रहरी बल नेपालका उपत्यका बाहिनीपति डिआइजी चन्द्र प्रकाश गौतमलगायतको टोलीबाट यस नाका हुँदै भित्रने र बाहिरिने सवारी साधनको व्यवस्थापन, नियमनका विषयमा निरीक्षण भयो ।

भक्तपुर जिल्लामा रहेका यी नाकामा रहेका पोष्टहरुले व्यवस्थितरुपमा उत्कृष्ट कार्य गरिरहेकोमा सन्तोष व्यक्त गर्दै अनुगमन टोलीले अत्यावश्यक बाहेकका सवारीको प्रवेशमा रोक लगाउन र पासको दुरुपयोग गर्नेलाई निरुत्साहित गर्ने गरी कारवाही गर्दै नाकामा अझ सशक्तरुपमा कार्य गर्न निर्देशन दिएको छ।



### सहायक प्रमुख जिल्ला अधिकारी सेवा निवृत्त

## सिएमसीको तर्फबाट बिशेष आभारसहित विदाई

भक्तपुर जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी एवं सिएमसी भक्तपुरका सदस्य सचिव श्री दिलिप प्रसाद लामिछाने उमेर हदका कारण आज मिति २०७७ वैशाख २८ गते आइतवारबाट अनिवार्य अवकाश हुनुभएको छ । गृह मन्त्रालय र अन्तर्गतका निकायहरुमा २ दशक भन्दा वढी अनुभव संगाल्नु भएका लामिछानेलाई विषयवस्तु तुरुन्त बुझ्न सक्ने कौशल भएको, अध्यात्मिक र अध्ययनशिल, सबैसंग समन्वय गर्न सक्ने एवं सहकर्मी र मातहतका कर्मचारीहरु वीच सहयोगी र मित्रवत व्यवहार गर्ने व्यक्तित्वकारुपमा चिनिनु हुन्छ । उहाँले सिराह, मुगु, रामेछाप जस्ता जिल्लामा चुनौतीपूर्ण अवस्थामा प्र.जि.अ/स.प्र.जि.अ कोरुपमा कार्य गरिसक्नु भएको छ

सेवाको उत्तरार्धमा विश्वव्यापी कोरोना भाइरसको महामारीको समयमा जिल्ला प्रशासन कार्यालय भक्तपुर, सिएमसी भक्तपुरमा रही यस संकटको प्रतिरोधका लागि अहोरात्र समन्वय, सहजीकरण गर्दै विभिन्न सृजनसील अभ्यासहरुमा देखाउनुभएको अग्रसरता र पुरयाउनु भएको योगदानको सिएमसी भक्तपुरले उच्च मूल्याँकन गरेको छ । यसका लागि उहाँलाई बिशेष आभार व्यक्त गर्दछौ । उहाँको सेवा निवृत्त जीवन अझ बढी उर्जाशील बनोस भनी हार्दिक शुभकामना व्यक्त गर्दै विदाइ गरिएको छ ।

# काठमाडौं उपत्यका प्रवेशमा थप कडाइ

## अत्यावश्यक बाहेकका सवारी भित्रन नपाउने, जगाती नाकावाट फर्काइदै

कोभिड १९ को सङ्क्रमणको जोखिम रहेको वर्तमान समयमा आवत जावत गर्दा खतरा बढ्न सक्ने हुँदा उपत्यका प्रवेश गर्ने नाकाहरुमा थप कडाइ गरिएको छ । यसै क्रममा काठमाडौं उपत्यकामा पूर्ववाट प्रवेश गर्ने मुख्य नाकाकोरुपमा रहेको साँगा भञ्याङ र जगातीमा सवारीको पास चेक गर्ने, सवारी साधनमा औषधि छर्किने, व्यक्तिको तापक्रम नाप्ने कामका साथै सवारी प्रवेशलाई नियमन गर्न थालिएको छ ।

सरकारले बन्दाबन्दीको अवधि २०७७ जेठ ५ गतेसम्म कायम गरी अत्यावश्यक अवस्थामा बाहेक वाहिर ननिस्कन आदेश जारी गरेको छ । यद्यपी अनावश्यकरुपमा पास लिएर हिँडने, झुटा विवरण पेश गरी पास लिने र पासको दुरुपयोग गर्ने अवस्था देखिन थालेकोले सो को नियन्त्रणका लागि भक्तपुर जिल्लामा ससक्तरुपमा कारवाही अगाडि बढाइएको छ । यसका साथै एम्बुलेन्सको दुरुपयोग हुनसक्ने तर्फसमेत सजगता अपनाइएको छ ।

उपत्यका वाहिर संक्रमण वढिरहेको वर्तमान अवस्थाका वीच वाहिरी जिल्लाबाट पास लिई उपत्यका भित्रने सवारी साधनको संख्या बढेको देखिएको छ । यसले उपत्यकामा मानिसको प्रवेश बढ्न सक्ने हुँदा नाकाहरुबाट सवारी साधनको प्रवेशमा कडाइ गरिएको हो ।

जनजीवनलाई सहज बनाउन दैनिक उपभोग्य सामग्री ल्याउने सवारी, स्वास्थ्य उपचारसँग सम्बन्धित सवारी, काजकिरियाका लागि आएका व्यक्तिहरुको सवारीलगायत अन्य अत्यावश्यक कामका लागि आएका सवारी साधन र उपत्यकाका जिल्लाहरुबाट प्रवेश अनुमतिको सिफारिस दिइएका सवारीलाई मात्र भक्तपुर हुँदै उपत्यका प्रवेश गराउने र यस बाहेकका सवारीसाधनलाई साँगाभञ्ज्याङ, जगाती नाकावाट फर्काउन थालिएको छ ।

नेपाल सरकारको निर्णय अनुसार उपत्यका प्रवेश गर्ने मालबाहक सवारीले यात्रु बोक्न नपाउने हुँदा यस नाकामा चालक र सहचालकको विवरण राखिने र फर्किँदा चेकजाँच गरिने व्यवस्थासमेत मिलाईएको छ ।












**जरो आउने, खोकी लाग्ने र फ्लु जस्तो देखिने लक्षण भएमा स्वास्थ्यसंस्थामा तुरुन्त सम्पर्क गरौं**

**शंकास्पदा विरामीलाई RDT विधिबाट चेकजाँच गरी तुरुन्त रिपोर्ट प्राप्त गर्न सकिन्छ ।**

# उपत्यकाका तीनै जिल्लाको सिएमसीको संयुक्त बैठक सम्पन्न

# उपत्यकाभर आवतजावतको नियन्त्रणमा एकरुपता कायम गरिने

नेपाल सरकारले बन्दाबन्दीको समयसिमा २०७७ साल जेठ ५ गतेसम्म बढाएको र राष्ट्रिय गौरबलगायत विकासका आयोजना संचालन गर्ने, अत्यावश्यक उद्योग र सेवा संचालन गर्ने निर्णय गरे संगै काठमाडौं उपत्यकाभर यस निर्णयको प्रभावकारी कार्यान्वयन व्यवस्थाका लागि तीन वटै जिल्लाको संकट व्यवस्थापन केन्द्रको संयुक्त बैठक सम्पन्न भएको छ ।

सिएमसीको संयुक्त बैठकमा काठमाडौ, ललितपुर र भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु, उपत्यका तथा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरुलगायत महानुभावहरुको उपस्थिति रहेको थियो ।

बैठकले उपत्यकाभरको सुरक्षा व्यवस्था, आवतजावतको नियन्त्रण र सहजीकरणमा एकरुपता कायम गर्ने निर्णय गरेको छ । यसका लागि रणनीतिहरु छलफल गर्दै सवारी पासको व्यवस्थापन, उद्योगहरुको संचालनको व्यवस्थापन सम्बन्धमा छलफल गरेको छ । उपत्यकामा हालसम्मको अवस्था सन्तोषजनक रहेको समीक्षा समेत गरिएको छ ।

### काठमाडौ उपत्यकामा सवारी साधन संचालनको व्यवस्था

१. निर्माण सामग्री बोकेका ट्रक/टिपर राति २० :०० देखि बिहान ०६:०० बबेसम्म माज उपत्यका प्रवेश पाउने । मिनिट्रक र पिक अप भ्यान (निर्माण सामाग्री बोकेको) दिनको सपयमा रिङरोड भित्र प्रवेश नपाउने तर रिङरोड र रिङरोड बाहिर चल्न पाउने ।

२. निजामती कर्मचारी बिहान ०९:०० बजे देखि १०:३० बजेसम्म र बेलुका १७:०० बजेदेखि १८:०० बजेसम्म चल्न पाउने तथा बैंक, वित्तिय संस्थाका कर्मचारीको हकमा बिहान ९:०० बजेदेखि १०:३० बजेसम्म र बेलुका १५:३० गतेदेखि १७:०० बजेसम्म चल्न पाउने (एक तिहाई कर्मचारीहरुबाट कार्यालय संचालन हुने)।

३. अत्यावश्यक सेवाका वस्तुहरु जस्तै खाद्यन्न, तरकारी, फलफुल, ईन्धन, ग्यास आदिका सवारी साधन बिहान ०४:०० बजेदेखि १०:०० बजेसम्म चल्न पाउने |

४. औषधी तथा पानीका सवारी साधनहरु दिन भरी नै चल्न पाउने ।

५. गृह र अर्थमन्त्रालयका कर्मचारीहरुका सवारी साधन दिन भरी नै चल्न पाउने।

६. सांसद, ससद सचिवालयका कर्मचारीहरुको हकमा लोगो हेरेर वा परिचय पत्र हेरेर चल्न पाउने।

७. सरकारले तोकेका ४४ किसिमका उद्योग, कलकारखाना चल्न दिने सम्बन्धमा सवारी साधनको हकमा सम्बन्धित उद्योग वा संस्थाको आधिकारीक पत्र बोकेर चल्न पाउने ।

८. अन्य सवारी साधनको हकमा जिल्ला प्रशासन कार्यालयको पास हुनु पर्ने ।

यस पूर्व मिति २०७७।०१।१७ गते जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुको संयुक्त बैठक वसी उपत्यका भित्रने नाकाहरुमा कोभिड १९ को परीक्षणका लागि लागि हेल्थडेस्क राखिने र नाकाहरुवाट भित्रिने यात्रुहरुको विस्तृत विवरण एक आपसमा आदन प्रदान गर्नेलगायत निर्णय भएको थियो भने । यसै बैठकले सिएमसीको संयुक्त बैठक राख्ने निर्णय अनुसार यो बैठक आयोजना भएको हो ।

## समन्वयात्मक बैठक

# नगरपालिकाका वडातहसम्मका पदाधिकारीहरुसंग सिएमसीको छलफल

भक्तपुर जिल्लामा रहेका नगरपालिकाहरुमा कोभिड १९ नियन्त्रण र रोकथामका लागि भइरहेका कार्यहरुको समीक्षा गर्दै वडातहसम्ममा विद्यमान समस्या र समाधानका विषयमा छलफल गर्न समन्वयात्मक बैठकहरु भएको छ । जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख एवं जिल्लास्तरीय सिएमसीका सल्लाहकार नवराज गेलालज्यूको संयोजनमा मध्यपुर थिमी, सुर्यविनायक र चाँगुनारायण नगरपालिकाका वडा तहसम्मका पदाधिकारीहरु संग नगरपालिकागतरुपमा छुट्टा छुट्टै बैठकहरु सम्पन्न भएका छन् । वैशाख २१, २२ र २३ गते सम्बन्धित नगरपालिकाको कार्यालयमा सम्पन्न भएको बैठकहरुमा नगरपालिकाका प्रमुख, उपप्रमुखलगायत प्रमुख जिल्ला अधिकारी एवं जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु तथा वडाका पदाधिकारीहरुलगायतको उपस्थिति रहेको थियो । यी बैठकहरुबाट स्थानीय स्तरमा रोकिएका विकाश निर्माणका गतिविधिहरु सूचारु गर्न देखिएका अन्यौलतालगायत कृषि कार्यको संचालनका विषयहरुमा छलफल गरी निर्णय भएका छन् ।



# डुवान विपद्को पूर्वतयारीको क्रममा हनुमन्ते खोलाको स्थलगत अनुमगन

## खोलाको बहावमा रहेको अबरोध हटाई सामान्य बनाइयो

बर्षातको मौसम सुरु भइसकेको हुँदा विपद् पूर्व तयारीको क्रममा भक्तपुर जिल्लामा डुवान हुन सक्ने हनुमन्ते खोला किनारको जोखिमयुक्त इलाकामा स्थलगत अनुमगन सम्पन्न भएको छ ।

प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेसहित जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरुबाट भएको निरीक्षणका क्रममा हनुमन्ते खोलाका विभिन्न स्थानहरुमा पानीको बहावमा अवरोध देखिएकोले त्यस्ता स्थानमा सम्बन्धित निर्माण कम्पनीसंग समन्वय गरी अवरोध पन्छाइ खुला गराइएको छ । सम्भावित डुवानलाई मध्यनजर गरी बर्षातको समय अगावै खोला नियन्त्रणको काम सक्ने गरी तदारुकताका साथ निर्माण कार्य अगि बढाउन समेत निर्देशन दिइएको छ ।

नदीले बगाएर ल्याएको तथा निर्माण कार्यको क्रममा बनेको वालुवाको ढिस्कोका साथै फोहरजन्य पदार्थका कारण अवरोध बनेको देखिएको छ । स्थानीय वासिन्दालाई डुवान प्रति सचेतना अपनाउन तथा फोहरजन्य पदार्थ नदीमा नफाल्नका लागिसमेत अनुरोध गरिएको छ ।








### मनसुन पूर्व तयारीका लागि अनुरोध

बर्षायामको मौसम सुरु भइसकेको अवस्थामा मनसुनका कारण हुन सक्ने वाढी, पहिरो एवं डुवान जस्ता प्रकोपबाट मानवीय एवं भौतिक क्षति कम गर्न मनसुन पूर्वतयारीमा जुट्नुपर्ने अवस्था आइसकेको छ । विश्वव्यापीरुपमा रहेको कोरोना भाइरसबाट सृजित  संकटको यस घडीमा प्राथमिकताका साथ मनसुन पुर्वतयारीमासमेत लाग्न देहाय वमोजिमका कार्यहरु गर्न गराउन सबैमा हार्दिक अनुरोध छ ।

१. भक्तपुर जिल्लास्थित सबै सरकारी निकाय एव संघ संस्थाहरुले आफूसंग रहेका खोज, उद्दार र राहतका उपकरण तथा सामग्रीको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइदिन हुन ।

२. जिल्ला स्थित सबै स्थानीय तहहरुले अनिवार्यरुपमा विपद् पूर्वतयारी एवं प्रतिकार्य योजना बनाउने र सो अनुसार कार्यान्वयन गर्नु हुन ।

३. स्थानीय स्तरमा विपद् व्यवस्थापन समिति गठन नभएको भए अविलम्ब गठन गर्नु हुन ।

४. स्थानीय विपद् व्यवस्थापन कोष नबनाएको भए कोष स्थापना गर्नुहुन र कोषको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइदिन हुन ।

५. जिल्ला स्थित सुरक्षा निकाय, स्थानीय रेडक्रसलगायत संघ, संस्थासँग रहेका खोज उद्दार तथा राहत सम्बन्धी सामग्रीहरुकोविवरण अविलम्ब उपलब्ध गराइदिन हुन ।

# विकास निर्माण र कृषि कार्यका लागि प्रशासनले सहजीकरण गर्दै

भक्तपुर जिल्लास्थित विकास निर्माणका कामहरुको संचालनका लागि जिल्ला प्रशासन कार्यालयले सम्बन्धित स्थानीय तहहरुको अनुरोधका आधारमा पास जारी गर्नेलगायत सहजीकरण गर्ने गरेको छ । यसका साथै सम्बन्धित सरकारी निकायको अनुरोधका आधारमासमेत त्यस्ता सवारीलाई पास दिने गरिएको छ । मेलम्ची खानेपानी आयोजना अन्तर्गतका कामहरु, विभिन्न सडक आयोजना अन्तर्गतका कामहरु गर्नका लागि सहजीकरण गरिएको छ भने स्थानीय तहहरुका विकाश निर्माण, पुल, सडक र सरकारी भवन सम्बन्धी काम संचालन गर्न दिइएको छ ।

विकास निर्माणका काम गर्दा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षा, कामदारलाई खाना तथा आवासको व्यवस्थालगायत अन्य आइपर्ने समस्याका विषयमा स्थानीय तहहरुका साथै सुरक्षा निकाय र जिल्ला प्रशासन कार्यालयबाटसमेत निगरानी र अनुगमन भइरहेको छ ।

भक्तपुर जिल्लामा खेतीको समय सुरु भएको अवस्थामा बन्दाबन्दी भएको हुँदा यस अवधिमा विभिन्न सहकारी संस्थाहरुमार्फत कृषकलाई आवश्यक मल विउ खरिद एवं वितरण गर्न तथा बाली नाली लगाउने कामका लागि जिल्ला प्रशासन कार्यालयले सवारी पास दिनेलगायत सहजीकरण गरिएको छ ।

यस्तै बन्दाबन्दीको अवधिमा सानोठिमीमा रहेको जनक शिक्षा सामाग्री केन्द्रबाट प्रकाशित पाठ्यपुस्तक नेपालभरका केन्द्रको प्रदेशस्थित कार्यालय एवं डिपोसम्म ढुवानी गर्ने व्यवस्था मिलाई पठाइएको छ । जिल्लास्थित बैंक तथा वित्तिय संस्थाहरुलाई नियमितरुपमा संचालित गराइएको छ । अत्यावश्यक औषधि तथा खाद्य सामग्रीका स्टोरहरुमा स्वास्थ्य सतर्कताका साथ संचालन गर्ने व्यवस्था मिलाइएको छ ।

## आवेदन गरेकै दिन ई-पास

नेपाल सरकारबाट जारी भएको बन्दाबन्दी आदेशको अवधिमा कुनै अत्यावश्यक परिस्थिति परी सवारी साधन आवागमन गर्नु पर्ने भएमा ई-पासको व्यवस्था गरिएको छ । संलग्न काजपत्र अनुसार आवश्यकता र औचित्यता हेरी ई-पास उपलब्ध गराउने सम्बन्धी निर्णय हुँदै आएको छ ।

कार्यालयमा आवेदन प्राप्त भएपछि यथाशक्य तुरुन्तै ई-पास सम्बन्धी निर्णय गर्ने गरिएको छ । कुनै कारणवस आवेदन दिएको १ दिन भित्र पनि ई-पास स्वीकृति वा अस्वीकृतिको जानकारी मोवाइलमा प्राप्त नभएमा कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिएको छ ।

भक्तपुर जिल्लाबाट पास लिइ उपत्यका वाहिरका जिल्लामा जानु पर्ने भएमा उक्त जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट सिफारिस लिई सो समेत ई-पास आवेदन गर्दा संलग्न गर्नुपर्ने व्यवस्था गरिएको छ । ई-पास लिनका लागि अनलाईन आवेदन दिनुपर्ने र सो को जानकारी मोवाइल मै प्राप्त हुने हुँदा कार्यालयमा स्वंयम उपस्थित हुनु नपर्ने तर औचित्य पुष्टि गर्ने कागजात भने पेश गर्नु पर्दछ ।

'अत्यावश्यक सेवा संचालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमति पत्र सम्बन्धी कार्यविधि, २०७६' बमोजिम मात्र सवारी पास जारी गरिने हुँदा अनावश्यकरुपमा टेलिफोन सम्पर्क र अनलाईन दरखास्त नगरी बन्दाबन्दीलाई प्रभावकारी बनाउने कार्यमा सहयोग पुर्याउन हुनसमेत अनुरोध गरिएको छ ।

### समन्वय र सुरक्षा

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | प्र.जि.अ. हुमकला पाण्डे | ६६१४४३७ | ९८५१२१७७७७ |
| जिल्ला प्रशासन कार्यालय | स.प्र.जि.अ.दिलिप प्र. लामिछाने | ६६१५५९५ | 9840108524 |
| विरदल गण सुर्यविनायक व्यारेक | गणपति शिबप्रसाद पौडेल | ५०९२२७५ | 9851159188 |
| महानगरिय प्रहरी परिसर भक्तपुर | प्र.उ. सबिन प्रधान | ६६१७१३१ | ९८५१२१५५५५ |
| सशस्त्र प्रहरी बलनं.२२ | स.प्र.उ. विश्व कुमार भट्टराई | 5144510 | ९८५१२७२०३४ |
| रा. अनुसन्धान जिल्ला कार्यालय | उ.अ.नि. सुरेन्द्र कोइराला | ६६१८७७७ | 9851174546 |

### अस्पताल

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| भक्तपुर अस्पताल | मे.सु. डा.सुमित्रा गौतम | ६६१४४३० | ९८५८०२३०४७ |
| स्वास्थ्य कार्यालय भक्तपुर | का.प्र. कृष्णबहादुर मिजार | ६६१६०१० | 9841884419 |
| शहीद धर्मभक्त रा.प्रत्यारोपण केन्द्र | का.प्र. डा.पुकार चन्द्र श्रेष्ठ | ६६१४७०९ | ९८५१११५१३६ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | आ.चिकित्सक नदन कँडेल | ६६१२०८८ | 9851185728 |

### स्थानीय तह

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जिल्ला समन्वय समितिको कार्यालय | जि.स.अ.जगन्नाथ लामिछाने | ६६१४८२६ | 9851276222 |
| भक्तपुर नगरपालिकाको कार्यालय | प्र.प्र.अ. इन्द्रप्रसाद बस्याल | ६६१००७६ | 9841407373 |
| मध्पुरथिमी नगरपालिका कार्यालय | प्र.प्र.अ.विश्वराज मरासिनी | ६६३१४०५ | 9851190542 |
| चाँगुनारायण नगरपालिका कार्यालय | प्र.प्र.अ.चिरन्जिवी तिम्सिना | 6616611 | ९८५११७७९५५ |
| सूर्यविनायक नगरपालिका कार्यालय | प्र.प्र.अ.कमल ज्ञवाली | ६६१२४४३ | 9851277111 |

### दमकल

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जुद्ध वारुण यन्त्र कार्यालय | का.प्र. राजनप्रसाद दाहाल | ६६१२३८२ | ९८५११५०९१३ |

### औषधि

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| नेपाल औषधी व्यवसायी संघ | महासचिव विनोद प्र. सापकोटा | 6632107 | 9841288675 |

### बिद्युत तथा टेलिफोन

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| का.उ.खानेपानी लिमिटेड दुधपाटी | शा.प्रमुख सुरेन्द्र हिमालय | ६६१०२३५ | ९८४९१८८२९१ |
| नेपाल टेलिकम भक्तपुर | का.प्र. दिनेशहर्ष बज्राचार्य | ६६१०००० | 9851105570 |
| नेपाल टेलिकम ठिमी | का.प्र. सुरेन्द्र शाह | ६६३३६०० | 9851022176 |
| नेपाल विद्युत प्राधिकरण भक्तपुर | का.प्र. राजकुमार रमण | ६६११०९८ | 9851273714 |
| नेपाल विद्युत प्राधिकरण ठिमी | शाखा प्रबन्धक सुबोध शर्मा | ६६३५३२८ | 9851273715 |

### खाद्यबस्तु आपूर्ती

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| भक्तपुर उद्योग बाणिज्य संघ | का. अ. राजुमान बज्राचार्य | 6614851 | 9841285577 |
| घरेलु तथा साना उद्योग कार्यालय | उ.अ.सुबोध कुमार साह | ५०९२६९६ | ९८५११८५८९२ |

### जिल्लास्थित सरकारी स्वास्थ्यसंस्थाका सम्पर्क व्यक्तिहरु

| पद नाम थर | कार्यालय | फोन नं |
|---|---|---|
| मे. अ. डा. निसा राई | सूर्यविनायक नगर अस्पताल | ९८४९२३१५१७ |
| ज.स्वा.नि.स्वस्ती आचार्य | कटुन्जे हे.पो. | ९८४१११११७७ |
| ज.स्वा.नि.पुण्य प्र. काफ्ले | वालकोट हे.पो | ९८४१७१५५१३ |
| ज.स्वा.नि.मुकुन्द प्र. चौलागाई | गुण्डु हे.पो. | ९८४४४१२१४३ |
| ज.स्वा.नि.मदन राजथला | सिरुटार हे.पो. | ९८४१३००४५९ |
| सि.अ.हे.ब.राम प्रसाद लम्साल | लोकन्थलि हे.पो. | ९८४१४३०१४३ |
| ज.स्वा.नि.सरोज कूमार राय | ठिमी हे.पो. | ९८४४०५७७२९ |
| ज.स्वा.नि.श्याम कुमार थापा | बालकुमारी हे.पो. | ९८४१४४५५५८ |
| सि.अ.हे.ब.राजन खड्का | सुडाल हे.पो. | ९८६३१९९२४५ |
| हे.अ.बलराम तिमल्सेना | बागेश्वरी हे.पो. | ९८४१३२२६४५ |
| ज.स्वा.नि.लोकेन्द्र बहादुर पौडेल | चागुं प्रा.स्वा.के. | ९८५१०६८९५० |
| सि.अ.हे.ब.बिष्णु थापा | झौखेल हे.पो. | ९८५१०३९४९३ |
| ज.स्वा.नि.हरिनारायण प्रसाद शाह | ताथली हे.पो. | ९८४१३७४४३७ |
| सि.अ.हे.ब.ज्ञानेन्द्र प्रसाद जोशी | दुवाकोट हे.पो. | ९८४९२०८१९० |
| सि.अ.हे.ब.मनोज कुमार मण्डल | नगरकोट हे.पो. | ९८४१६७०३३७ |
| ज.स्वा.नि.दिल कुमार दुवाल | छालिङ्ग हे.पो. | ९८४१३९४०६४ |
| हे.अ.रोजिना थापा | नङ्गखेल हे.पो. | ९८४९२४५२२० |
| सि.अ.हे.ब.उमेश धौभडेल | सिपाडोल हे.पो. | ९८४१३९४६५८ |
| हे.अ.राजेन्द्र फैजु | चित्तपोल हे.पो. | ९८४१२९९५१६ |
| सि.अ.हे.ब.तेज कुमार पुन | नगदेश हे.पो. | ९८६६९०८०२८ |
| ज.स्वा.नि.धन ब. बिष्ट | बोडे हे.पो. | ९८६८७७७०३० |
| हे.अ.मीरा कुमारी सिंह | श.स्वा. के. झौखेल | ९८६०९४३००८ |
| हे.अ.कुमार के.सि. | श.स्वा. के. झाप्रा | ९८५११२९५९० |
| हे.अ.सुदिप आचार्य | श.स्वा. के. ताथगाल | ९८४३२४१५७१ |
| हे.अ.उत्सब सापकोटा | श.स्वा.के.घ्याम्पेडांडा | ९८६०१०८०६१ |
| हे.अ.कमल अछामी | श.स्वा.के. कांक्राबारी | ९८६११३८७८२ |
| अ.न.मि.जमुना काफ्रले | श.स्वा.के. च्यामासिङ | ९८४१६३७६४७ |
| स्टाफ नर्स रचना सुवाल | श.स्वा.के. च्यामासिङ | ९८४११३११४४ |
| स्टाफ नर्स शुसिला प्रजापती | श.स्वा. के. निकोसेरा | ९८४१५३१४३३ |
| हे.अ.अम्बिका प्रजापती | श.स्वा. के. बोडे | ९८४९२०९७११ |
| हे.अ.कमल केशरी राजचल | श.स्वा. के. ब्यासी | ९८४१६९२९५२ |

# भक्तपुरमा ७३० जनाको कोरोना परीक्षण सम्पन्न सबैको नजिता नेगेटिभ

कोरोनाको लक्षणसँग मिल्दोजुल्दो लक्षण भएका बिरामीहरुको Polymerase Chain Reaction (PCR) र Rapid Diagnostic Test (RDT) परीक्षण गर्ने कार्य भइरहेको छ । २०७७ वैशाख २५सम्ममा RDT विधिबाट ४३१ जना र PCR विधिबाट ४९२ जना गरी कुल ९२३ जनाको परीक्षण भएको छ हालसम्म सबै नतिजा नेगेटिभ देखिएको छ । कोरोना प्रभावित हुन सक्ने सबै शंकास्पद व्यक्तिहरुको खोजी र परीक्षण निरन्तर भइरहनेछ।

**पिसिआर विधिबाट गरिएको परीक्षण संख्या**

| अस्पताल/नपा | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| भक्तपुर अस्पताल | 132 | 238 | 370 |
| भक्तपुर न पा | 16 | 21 | 37 |
| मध्यपुर थिमी न पा | 14 | 26 | 40 |
| सुर्यविनायक न पा | 11 | 33 | 44 |
| चाँगुनारायण न पा | 0 | 1 | 1 |
| जम्मा | 173 | 319 | 492 |

**आरडिटी विधिबाट गरिएको परीक्षण संख्या**

| अस्पताल | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| भक्तपुर अस्पताल | 107 | 135 | 242 |
| नेपाल कोरिया मैत्री अस्पताल | 90 | 99 | 189 |
| जम्मा | 197 | 234 | 431 |

# एम्बुलेन्सहरुको सम्पर्क नम्वर

| चालकको नाम थर | फोन नं. | एम्बुलेन्सको धनी (निकाय) |
|---|---|---|
| **कोरोना विशेष** | | |
| राजन बासुकला/पुण्य खत्री | 9851082799 | भक्तपुर नगरपालिका |
| बुद्ध कृष्ण बाग | 9841257048 | मध्यपुर ठिमी नगरपालिका |
| केशवराज थापा | 9841395199 | सुर्यविनायक नगरपालिका |
| शिवहरी अधिकारी | 9851241809 | चाँगुनारायण नगरपालिका |
| अरुन सैजु | ९८५१०७११३९ | भक्तपुर अस्पताल |
| **भक्तपुर नगरपालिका** | | |
| मिलन पुरी | 9849857332 | नेपाल रेडक्रस सोसाईटी भक्तपुर |
| केशवराज थापामगर | 9841257892 | जिल्ला समन्वय समिति |
| भिमसेन गेलाल | 9860171552 | भक्तपुर क्यान्सर अस्पताल |
| लक्ष्मण श्रेष्ठ | 9860025333 | डा. ईवामुरा अस्पताल |
| रमेश कुस्मा/रकि दुवाल | 9851018177 | मानव अंग प्रत्यारोपण केन्द्र |
| कृष्ण राम कोजु | 9840256350 | भक्तपुर अस्पताल |
| **मध्यपुर थिमी नगरपालिका** | | |
| कृष्ण चन्द्र श्रेष्ठ | 9841257048 | नेपाल कोरिया मैत्री अस्पताल |
| नविन परियार सानुकाजी श्रेष्ठ | 9851133613 | मध्यपुर अस्पताल |
| दिपक घजु | 9851133797 | नागरिक सामुदायिक अस्पताल |
| **सुर्यविनायक नगरपालिका** | | |
| लक्ष्मी भक्त ह्याङ्गजु | 9843559090 | नेपाल रेडक्रस सोसाइटी ननिलन्चोक |
| भिमबहादुर खत्री | 9843633744 | सुडाल ब्रह्मायणी विकाश केन्द्र |
| राकेश राजथला | 9741323296 | अखण्ड सेवा समिति |
| श्रीकृष्ण खड्का | 9841477794 | ग्रामिण विकाश पुर्वाधार केन्द्र |
| **चाँगुनारायण नगरपालिका** | | |
| विवेक लामिछाने | 9841233600 | नेपाल रेडक्रस सोसाईटी नगरकोट |
| दिपक थापा | 9741233815 | नेपाल रेडक्रस ताथली शाखा |
| उत्सव केसी | 9849424813 | चाँगुनारायण प्राथमिक स्वास्थ्य केन्द्र |
| प्रकाश गजुरेल | 9841466550 | काठमाडौं क्यान्सर सेन्टर |
| लक्ष्मण भुट्ट | 9860335944 | हरिणाम संक्रिटन सेवा समिति |

# विदेशबाट आएका र शंकास्पदको व्यक्तिको कोरोना परीक्षण हुँदै


मिति २०७६ सालको चैत्र महिनामा भारतलगायत तेस्रो मुलुकबाट नेपाल प्रवेश गरी हाल भक्तपुरमा रहेका व्यक्तिहरुको परीक्षण भइरहेको छ ।

त्यस्ता व्यक्तिहरुको लगत लिई घरमै क्वारेन्टिनमा बस्न अनुरोध गर्नुका साथै निगरानीमासमेत राखिएको छ । हालसम्म पहिचान भएका वा आफै सम्पर्कमा आएका त्यस्ता व्यक्तिहरुको संख्या ४१४ जना रहेको छ।

सेल्फ क्वारेन्टिनमा वसेको अवधि पूरा भएकालाई ३७१ जनाको कोरोना परीक्षण भइसकेको छ भने ४३ जनाको परीक्षणको क्रममा रहेको छ ।

हालसम्म सबै परीक्षणको COVID-19 NEGATIVE पाइएको छ भने बाँकी व्यक्तिहरुकोसमेत अवधिका आधारमा परीक्षण गर्ने कार्य भइरहेको छ ।

विदेशबाट आएका कोही व्यक्तिको लगतमा छुट भएको भए वा जरोलगायत कुनै लक्षण देखिएको भए तुरुन्त सम्बन्धित स्थानीय तह, नजिकैको स्वास्थ्यसंस्था वा CMC मा जानकारी गराउनहुन समेत अनुरोध छ ।




| नगरपालिका | नेगेटिभ रिपोर्ट | जाँच बाँकी | जम्मा |
|---|---|---|---|
| चाँगुनारायण | 68 | 13 | 81 |
| भक्तपुर | 109 | 2 | 111 |
| मध्यपुर ठिमी | 103 | 3 | 106 |
| सूर्यविनायक | 91 | 25 | 116 |
| जम्मा | 371 | 43 | 414 |

# जेठ ५ गतेसम्म बन्दाबन्दी थप

# अन्तर्राष्ट्रिय सीमाना जेठ १८सम्म बन्द रहने

नेपाल सरकारको मिति २०७७/०१/२४ को निर्णयानुसार विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को संक्रमण फैलिने सम्भावना देखिएकोले यस पूर्व मिति २०७७/१/१४ गतेको निर्णयअनुसार सो रोग रोकथाम र निर्मूल गर्न संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी गरिएको आदेश हाललाई मिति २०७७ जेठ ५ गते सोमबार मध्यरातसम्मका लागि नेपालभर लागू हुने गरी निरन्तरता दिइएको छ ।

यसैगरी विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिंड-१९ रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रहरुलगायत अन्य मित्रराष्ट्रहरुले चालेका प्रयास र अनुभवसमेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूलाई सो रोगको संक्रमणबाट सुरक्षित राख्न हाललाई मिति २०७७ जेठ १८ गते आइतबार मध्यरातसम्मका लागि नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्द र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन स्थगित गरिएको छ ।

सबै किसिमका आन्तरिक र बाह्य व्यावसायिक यात्रुबाहक हवाई उडानहरू उक्त अवधिसम्म स्थगन भएको छ । तर, मालसामानको ढुवानीलाई यथावत कायम राखिएको छ ।

जनताको जीवन रक्षाका सरकारले जारी गरेको आदेशको पालना गरी साथ दिनुभएकोमा सबैमा हार्दिक धन्यवाद ज्ञापन गरिएको छ ।

साथै, मिति २०७७ जेठ ५ गते सोमबारसम्मका लागि जारी भएको आदेश र मिति२०७७ जेठ १८ गते आइतबार मध्यरातसम्मका लागि नेपालको सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन स्थगित गर्ने कार्यको पूर्ण पालना गरी गराई सहयोग पुयाउनु हुन नेपाल सरकार सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक आग्रह गरिएको छ ।

यो आदेशको पालना नगरी सीमा नाकाबाट प्रवेश गर्ने गराउने र प्रवेश गरेका मानिसहरूलाई लुकाउने कार्य गरे गराएमा प्रचलित कानूनबमोजिम कारबाही हुने छ ।

# बन्दाबन्दीमा खुकुलो

# स्वास्थ्य सावधानी अपनाई उद्योग संचालन गर्न सकिने

नेपाल सरकारको मिति २०७७/०१/२४ को निर्णय कार्यान्वयन गर्न गृह मन्त्रालयको मितिः २०७७।०१/२५ को पत्रबाट बन्दाबन्दीको अवधिमा केही उद्योगहरु संचालन गर्न सकिने गरी निर्देशन प्राप्त भएको छ ।

बन्दाबन्दीको अवधिमा औषधी, स्वास्थ्य सामग्रीजस्ता अत्यावश्यक वस्तुको उत्पादन तथा विक्री वितरण, खाद्यवस्तुलगायतका कृषि तथा पशुपन्छीजन्य उत्पादन तथा विक्री वितरण, औषधी, स्वास्थ्य सामग्रीजस्ता अत्यावश्यक वस्तुको उत्पादन तथा विक्री वितरण, औद्योगिक वस्तुको उत्पादन तथा विक्री वितरण, विकास आयोजनाहरूको सञ्चालनको लागि आवश्यक पर्ने ढुङ्गा-गिट्टी, बालुवालगायतका निर्माण सामग्रीको ढुवानी र न्यूनतम बैंकिङ तथा वित्तीय सेवालाई सुचारु गर्न सकिने छ ।

केन्द्रीय कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर र प्रदेशस्तरीय कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टरसँग आवश्यक समन्वय गरी सम्बन्धित जिल्लाको कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टरले संक्रमणको जोखिमको अवस्था मूल्याङ्कन गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी/गराई, सामाजिक दूरी कायम गरी/गराई यस्ता उद्योगहरु सञ्चालन गर्ने गराउने व्यवस्था मिलाउन उक्त निर्देशनमा भनिएको छ ।

यद्यपि कुनै भू-भागमा संक्रमणको जोखिम देखिएमा वा समुदायस्तरमा उक्त संक्रमण विस्तार भएको पाइएमा उक्त क्षेत्र वा जिल्लाभर यी क्रियाकलापहरू निश्चित अवधिसम्मका लागि स्थानीय प्रशासनले तत्काल रोक लगाउन सक्नेछ ।

## बन्दाबन्दीको अवधिमा बन्द रहने

देहायका स्थान/स्थलहरू बन्द रहनेछन् र देहायका क्रियाकलापहरू सञ्चालन गर्न पाइने छैन-

(क) विश्वविद्यालय, क्याम्पस, विद्यालयलगायत सबै प्रकारका शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्रहरू

(ख) गैरखाद्य वस्तु विक्री गर्ने व्यावसायिक मल, सिनेमा हल, पार्टी प्यालेस, फनपार्कलगायतका सार्वजनिक स्थलहरू।

(ग) सार्वजनिक जमघट, धामिक स्थलहरू (मन्दिर, गुम्बा, मस्जिद, चर्च, गुरुद्वारा आदि) मा हुने भेला एवं धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरू।

(घ) रङ्गशाला, खेलकुद स्थल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल तथा जिमखाना, फिटनेस सेन्टर, सैलुन, ब्युटीपार्लरहरू ।

(ङ) होटल, वार, रेष्टरेण्टहरू।

(च) स्थानीय प्रशासनबाट सवारी पास पाएका बाहेक सबै प्रकारका यात्रुबाहक सवारी साधनहरू।

(छ) १२ वर्ष मुनिका बालबालिका, अशक्त भएका व्यक्ति, विरामी, ७० वर्ष पूरा भएका ज्येष्ठ नागरिक र गर्भवती महिलाहरूको आवतजावत तथा हिँडडुलका गतिविधिहरू।

(ज) आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यवसायिक यात्रुबाहक हवाई उडान।

(झ) केवलकार सेवा र रेलवे सेवा।

**सामाजिक दूरी कायम गरौं, कोरोनाबाट सुरक्षित रहौं**

**खाद्यबस्तु, तरकारी आदि खरिद तथा बिक्रीमा संलग्न हुँदा निश्चित दूरी कायम राखी व्यवहार गर्नुहुन सबैमा हार्दिक अनुरोध छ ।**

# नेपाल सरकारको निर्णय अनुसार बन्दाबन्दीमा संचालन गर्न सकिने उद्योग तथा सेवा

**(क) कृषि तथा पशुपन्छीजन्य सम्बन्धी:**

१) खाद्यवस्तु र अन्य बाली लगाउने तथा पाकेको बाली भित्र्याउने कार्य ।

२) पशुपन्छी पालन, माछा पालन, कुखुरा पालन तथा विक्री वितरण।

३) फलफूल, तरकारी, दूध र दुग्धजन्य पदार्थको उत्पादन, सङ्कलन, भण्डारण र विक्री वितरण।

४) नर्सरीबाट विरुवाको उत्पादन, घाँस तथा दाना उत्पादन र विक्री वितरण।

५) कृषि बिउ-बिजन उत्पादन, भण्डारण र विक्री वितरण ।

६) शीत भण्डारण ।

**(ख) स्वास्थ्य सेवासम्बन्धी:**

१) सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य संस्थाहरू, अस्पताल, नर्सिङ्ग होम, पोलिक्लिनिक, ल्याब, डाइग्नोष्टिक सेन्टरहरूको सञ्चालन । सबै प्रकारका खोपलगायतका अत्यावश्यक सेवाहरूको सञ्चालन।

२) औषधी तथा स्वास्थ्य सामग्री र मेडिकल अक्सिजनको उत्पादन तथा विक्री वितरण।

३) औषधी पसलहरू (आयुर्वेद, होमियोप्याथिकसमेत) को सञ्चालन ।

४) एग्रोभेट र भेटेरिनरी औषधी पसलहरूको सञ्चालन र तत् सम्बन्धी सेवा।

(ग) जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट पाठ्यपुस्तक बिक्रीको अनुमति लिएका पुस्तक पसल।

**(घ) ढुवानी सेवासम्बन्धी :**

ढुवानी सेवाका साधनहरूलाई निसंक्रमित गरी निसंक्रमण गर्ने निकायले जारी गरेको निस्सा साथमा राखी चालक तथा परिचालकको स्वास्थ्य जाँच सम्बन्धित भन्सार विन्द र उद्योग प्रतिष्ठानहरूमा गर्ने व्यवस्था मिलाई देहायका ढुवानीका साधनहरू गन्तव्य स्थलसम्म आवतजावत गर्न दिने;

१) खण्ड (क)र (ख) मा उल्लिखित सबै प्रकारका वस्तु तथा सेवामा प्रयोग हुने ढुवानीका साधनहरू।

२) भन्सारबाट जाँचपास भई आएका, उद्योग प्रतिष्ठानबाट लोड लिई मालसामान बोकेका र मालसामान गन्तव्यमा फुयाई फर्किने ढुवानीका साधनहरू।

३) पानी, ग्याँस, पेट्रोलियम पदार्थ बोकेका साधनहरू।

४) औद्योगिक कच्चा पदार्थहरू र तयारी मालवस्तु बोकेका ढुवानीका साधनहरू।

५) विकास आयोजनामा प्रयोग हुने उपकरणहरू लाने/ल्याउने कार्य र निर्माण सामग्रीहरू बोकेका ढुवानीका साधनहरू।

६) कृषि सामग्री, रासायनिक एवं प्राङ्गारिक मल बोकेका ढुवानीका साधनहरू।

७) एम्बुलेन्स सेवा ।

८) विद्यालयका पाठ्यपुस्तकको ढुवानी गर्ने प्रयोजनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट अनुमति लिएका ढुवानीका साधनहरू

९) काठमाडौं उपत्यकामा प्रवेश गर्ने मालबाहक सवारी साधनमा यात्रुहरू राख्न नपाइने, प्रवेश विन्दमा त्यस्ता सवारी साधनका सवारीचालक र सहयोगीको नाम, जन्ममिति, काठमाडौं प्रवेश गरेको र फर्कको मितिसहितको विवरण राख्ने र सवारी साधन फर्की जाँदा सोही विवरणबमीजिमको व्यक्ति भए नभएको जाँच गर्ने । झुट्टा विवरण दिई यात्रा गरेको पाइएमा सवारी साधन नियन्त्रणमा लिई कारबाही गर्ने।

१०) एम्बुलेन्स दुरुपयोग गर्नेलाई कारबाही गर्नै

११) अत्यावश्यक कामका लागि दिइने सवारी साधनको पास न्यूनतम सङ्ख्यामा जारी गर्ने।

**(ङ) विकास आयोजनासम्बन्धी:**

१) राष्ट्रिय गौरवका आयोजनाहरू, सरकारी तथा निजीस्तरबाट सञ्चालित जलविद्त आयोजना, सिँचाइ आयोजना, खानेपानी आयोजना, विमानस्थल, सडक तथा पुल, सरकारी भवन निर्माण तथा प्रबलीकरण र एक स्थानमा एकपटकमा अधिकतम १० (दश) जनामा नबढ्ने गरी सञ्चालन गरिने अन्य सहरी पूर्वाधार विकास निर्माणका कामहरू।

२) प्रकरण (१) का आयोजनाहरूमा काम गर्ने श्रमिकहरूलाई सम्बन्धित आयोजनाले दैनिक रूपमा अनिवार्य स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाई एकै स्थानमा आवासको व्यवस्था गर्ने। श्रमिकहरूलाई कार्यस्थलमै खाना/खाजाको व्यवस्था मिलाउने। स्थान अभाव भएमा स्थानीय निकायको समन्वयमा सम्बन्धित वडाभित्रका सार्वजनिक सामुदायिक भवन वा सरकारी तथा नीजि विद्यालय वा खाली स्थानमा स्थानीय व्यक्तिहरूसँग सम्पर्क नहुने गरी सुरक्षित आवासको व्यवस्था गर्ने। यससम्बन्धी खर्च सम्बन्धित निर्माण व्यवसायीले व्यहोर्ने।

3) ढुङ्गा-गिट्टी, बालुवालगायत निर्माण सामग्रीहरूको उत्पादन, सङ्कलन र ढुवानीसम्बन्धी कार्य।

४) सिमेन्ट उद्योगका लागि खानी सञ्चालनलगायत आवश्यक चुनढुङ्गा, कोइला, क्लिंङ्करको उत्पादन, सङ्कलन र ढुवानीसम्बन्धी कार्य

५) नदी नियन्त्रणका कार्यहरू ।

६) आवास स्थलदेखि निर्माण स्थलसम्म श्रमिकहरूलाई सुरक्षित आवतजावत गर्न स्वास्थ्य मापदण्ड पालना गरी निर्माण व्यवसायीले परिवहनको व्यवस्था मिलाउने।

**(च) सार्वजनिक सेवासम्बन्धी: -**

१) बैंक तथा वित्तीय संस्था, बीमा, धितोपत्र, सहकारीमार्फत अति आवश्यकीय सेवा प्रवाह गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने कर्मचारीमध्ये एक तिहाई कर्मचारीद्वारा सेवा सञ्चालन गर्ने।

२) अति आवश्यकीय सेवा प्रदान गर्ने सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूमा अति आवश्यक पर्ने न्यूनतम कर्मचारीहरूलाई आलोपालो स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको अनुशरण गरी कार्यालय सञ्चालन गर्ने ।

३) अति आवश्यकीय सेवा प्रदान गर्ने सरकारी कार्यालयका लागि सम्बन्धित मन्त्रालयको सचिव र अन्य निकायहरूको लागि सम्बन्धित निकायको प्रमुखको सिफारिसमा नियामक निकायले त्यस्ता कार्यालयमा रहेको कुल सवारी साधनहरूमध्ये एक चौथाई सख्यामा नबढ्ने गरी सवारी पास उपलब्ध गराउने।

४) प्रकरण (३) मा तोकिएको बाहेक उपत्यका बाहिरको हकमा सम्बन्धित कार्यालय प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीले सावधानीपूर्वक सकेसम्म न्यूनतम सवारी साधन सञ्चालन हुने नीति लिई सवारी पास उपलब्ध गराउने।

**(छ) औद्योगिक उत्पादनसम्बन्धी :**

यस अवधिभर उत्पादन प्रक्रियामा संलग्न श्रमिक कामदारलाई उद्योग प्रतिष्ठानले छुट्टै स्थानमा राख्ने बन्दोबस्त मिलाई काममा लगाउने। आफ्नो प्रतिष्ठानभित्र पर्याप्त स्थान नभएमा उक्त प्रतिष्ठान रहेको स्थानीय निकायको समन्वयमा सम्बन्धित वडाभित्रका सार्वजनिक सामुदायिक भवन वा सरकारी तथा नीजि विद्यालय वा खाली स्थानमा स्थानीय व्यक्तिहरूसँग सम्पर्क नहुने गरी सुरक्षित आवास तथा खाना/खाजाको व्यवस्था गर्ने।

यससम्बन्धी खर्च सम्बन्धित उद्योग प्रतिष्ठानले व्यहोर्ने।आवासस्थलदेखि उद्योग प्रतिष्ठान रहेको स्थानसम्म श्रमिकहरूलाई स्वास्थ्य मापदण्ड पालना गरी सुरक्षित परिवहनको व्यवस्था मिलाउने। उद्योगहरूले कार्यस्थललाई अनिवार्य रूपमा स्यानिटाइजेसन गर्ने र नियमित स्वास्थ्य जाँच तथा स्वास्थ्य सुरक्षाको सुनिश्चितता गरी देहायका उद्योग व्यवसायहरू सञ्चालन गर्ने व्यवस्था मिलाउने:

१) चामल, दाल, तेल, चिउरा, चिनी, विस्कुट, पाउरोटी, पिठो, चाउचाउजस्ता दैनिक उपभोग्य खाद्यवस्तु, पानी प्रशोधन, औषधी, स्वास्थ्य सामग्री, साबुन उत्पादन र सोको प्याकेजिङ्ग सामग्री उत्पादन गर्ने उद्योगहरू।

२) ग्याँस बोटलिङ्ग, घरेलु तथा साना उद्योगहरू, निर्यातजन्य र विशेष आर्थिक क्षेत्रमा सञ्चालित उद्योगहरू र सिमेन्ट, डण्डीजस्ता निर्माणजन्य उद्योगहरू

३) बढीमा ५ जनासम्म कामदार रहने गरी सवारी साधनहरूको मर्मत गर्ने वर्कशप, इन्टरनेट जडान र मर्मत, प्लम्बिङ् तथा इलेक्ट्रिकल सेवा र पेट्रोल पम्प सञ्चालन ।

**(ज) राजमार्गका होटल तथा रेष्टोरेन्टसम्बन्धी:**

राजमार्ग तथा सहायक राजमार्गका कम्तिमा ८० (पचास) किलोमिटर दूरीको अन्तरमा सम्बन्धित स्थानीय तहले तोकेका स्थानमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वीकृत गरेको मापदण्ड अवलम्बन गरी खानाको प्याकेट मात्र विक्री गर्ने गरी होटेल, रेष्टरेण्ट संचालन गर्ने व्यवस्था स्थानीय प्रशासनले मिलाउने।

राजमार्ग र सहायक राजमार्गमा सञ्चालन हुने सवारी साधनहरू उपर्युक्तबमोजिम निर्धारित समय र स्थानमा मात्र रोक्ने व्यवस्था गर्ने ।

**(झ) व्यवस्थापकीय कार्यसम्बन्धी:**

सम्बन्धित रोजगारदाता, स्थानीय तह, सेवा प्रदायक. स्थानीय प्रशासनले आवागमन सहजीकरण गर्ने, सामाजिक दूरी कायम गराउने, अनिवार्य रूपमा मास्क प्रयोग गर्ने, तापक्रम मापन गर्ने, स्यानिटाइजर र ग्लोब्सहरूको प्रयोग गर्ने, विद्तीय माध्यमबाट भुक्तानी गर्ने । नगद कारोबार गर्दा खुद्रा पैसाको लेनदेन कम हुने गरी गर्ने। एक ठाउँमा पाँचजना भन्दा बढी व्यक्ति जम्मा नहुने व्यवस्था मिलाउने।

(३) प्रतिनिधि सभा, राष्ट्रिय सभा र संसदीय समितिका बैठकहरू स्वास्थ्य सुरक्षाका मापदण्डहरू पालना गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने।

# मध्यपुर थिमी नगरपालिकाको संयोजनमा विपन्नलाई भोजन

विपन्न तथा दैनिक ज्यालादारी मजदूरी गर्ने व्यक्तिहरुलाई लक्षित गर्दै मध्यपुर थिमी नगरपालिकाले चार स्थानमा भोजनको व्यवस्था मिलाएको छ । गठ्ठाघर, बोडे, पुरानो ठिमी र बाखा बजारमा संचालित भोजनस्थलमा खानाको लागि निश्चित समयावधि तोकिएको छ र उक्त समयावधिभित्र आउनेलाई विहान र रातीको खाना उपलब्ध गराउने गरिएको छ ।

खानाको प्लेट अनुसार हेर्दा यस सेवावाट हालसम्म ७९,६७९ मानिसहरुलाई खाना उपलब्ध गराएको मध्यपुर थिमी नगरपालिकाको तथ्यांकले देखाएको छ । वैशाखको पहिलो सातादेखि शुरु गरिएको भोजन व्यवस्थापनमा स्थानीय व्यक्ति तथा संघसंस्थाहरुकोसमेत सहयोग रहेको छ ।

### राहत वितरण

मध्यपुर थिमी नगरपालिकाले यस संकटको अवस्थामा नगरपालिकाका सबै वडाहरुबाट गरी जम्मा ८,१२२ परिवार (मिति २०७७।१।२६ गतेको प्रतिवेदन अनुसार) का लागि राहत सामग्री उपलब्ध गराएको छ ।



### राहत वितरण वडावाट मात्र गर्नुहुन सम्बन्धित सबैमा सूचना

मिति २०७६।१२।१६ गते माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकद्वारा "कुनै निकाय/ संघ/ संस्था/ व्यक्तिले सहायता दिन चाहेमा सम्बन्धित स्थानीय तहमा सम्पर्क गर्नु पर्ने । स्थानीय तहले तोकेको मापदण्ड अनुसारको सहयोग सामग्रीहरु भएमा मात्र स्थानीय तहले स्वीकार गरी वडास्तरीय समितिमार्फत वितरण गर्ने । सो को विवरण अनिवार्यरुपमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने ।" भनी निर्णय गरिएको हुँदा कुनै पनि निकाय/ संघ/ संस्था/ व्यक्तिले स्थानीय तहसँग सम्पर्क र समन्वय नगरी आफुखुशी सहयोग सामग्री वितरण नगर्न हुन यो सूचना प्रकाशित गरिएको छ । आफुखुशी वितरण गरेको पाइएमा कानुन बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराइन्छ ।

## सवारी साधन अनुमतिपत्र सम्बन्धी कार्यविधि २०७६ अनुसार

### आवागमन गर्दा अनुमतिपत्र आवश्यक नपर्ने सवारी साधन तथा व्यक्तिहरु

१. एम्बुलेन्स, शवबहान, दमकल ।
२. झण्डावाल सवारी ।
३. कूटनीतिक उन्मुक्ति तथा सुविधा प्राप्त नियोग, व्यक्ति तथा संघ/संस्थाहरु
४. प्रेस पास प्राप्त सञ्चारकर्मीहरु ।
५. स्वास्थ्य सेवामा खटिएका चिकित्सक, नर्स, फार्मासिस्ट, प्रयोगशालामा कार्यरत प्राविधिक, अस्पतालमा कार्यरत अन्य कर्मचारीहरु, औषधि उत्पादन ढुवानी र बिक्रि बितरणमा संलग्न हुने जनशक्तिहरु ।
६. खानेपानीको मर्मत सम्भार र बितरणमा संलग्न जनशक्ति
७. फोहोरमैला व्यवस्थापनमा परिचालित जनशक्ति।
८. ठूला खाद्य स्टोरमा कार्यरत जनशक्ति ।
९. अत्यावश्यक वस्तु तथा सेवा ढुवानी गर्ने मालबाहक सवारी साधनहरु।


प्रकाशक

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय भक्तपुर

**संकट व्यवस्थापन केन्द्र भक्तपुर**
**Crisis Management Center (CMC) Bhaktapur**

facebook/daobhaktapur
twitter/daobhaktapur
daobhaktapur@gmail.com
www.daobhaktapur.moha.gov.np भित्र कोभिड १९ CMC
६६१७४३७
CMC का पदाधिकारीहरुलाई मोवाइलबाटसमेत सम्पर्क गर्न सकिन्छ ।

Crisis Management Center (CMC) भक्तपुर सचिवालयद्वारा तयार गरिएको, Focal Person रविन्द्र गौतम Viber 9840177327